नेपाल सरकार

गृह मन्त्रालय

जिल्ला प्रशासन कार्यालय,पर्सा

प्रमुख जिल्ला अधिकारी श्री गणेश अर्याललेगरेको फैसला

**मुद्दा-: अभद्र व्यवहार ।**

**मि.नं.-१९७ दायर मितिः-२०८१/०८/१८**

**वादी** **फैसला मितिः-२०८१/०९/०४** **प्रतिवादी**

**नरेश राउत कुर्मीको जाहेरीले**
**नेपाल सरकार.........................१**

**जिल्ला पर्सा बहुदरमाई न.पा.वडा नं.९ बस्ने नन्दु साह तेलीको छोरा वर्ष २७ को सरोज प्रसाद साह........१**

प्रस्तुत मुद्दा यस कायालयको क्षेत्राधिकार भित्र पर्ने भइ यस मुद्दाका साक्षस तथ्य एव ठहर यस प्रकार छः-

**तथ्य-खण्ड**

१. प्रतिवादीले जाहेरवाला समेतलाई गाली गलौज तथा हातपात समेतको प्रयास गरी अभद्र व्यहवार गरेको भन्ने जाहेरी दरखास्त.।
२. प्रतिवादीले जाहेरवाला समेतलाई गाली गलौज तथा हातपात समेतको प्रयास गरी अभद्र व्यहवार गरेको भन्ने समेत व्यहोराको घटनास्थल मुचुल्का ।
३. मैले जाहेरवाला समेतलाई गाली गलौज तथा हातपात समेतको प्रयास गरी अभद्र व्यहवार गरेकोले पक्राउ गरेको हो भन्ने प्रतिवादीको बयान कागज।
४. जाहेरवाला समेतलाई गाली गलौज तथा हातपात समेतको प्रयास गरी अभद्र व्यहवार गरेकोले प्रतिवादीलाई कानून बमोजिम कारवाही हुनु पर्छ भनि मौकामा बुझिएका राधे श्याम रौनियार समेतको घटनाविवरण कागज।
५. जिल्ला सरकारी वकिल कार्यालय, पर्साको अभियोग पत्र ।
६. प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक इन्कारी बयान ।
७. वकपत्रका लागि उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय पर्सालाई लेखिएको यस कार्यालयको पत्र।
८. जि.स.व.का.पर्सालाई पेशीको जानकारी भनी लेखिएको यस कार्यालयको पत्र।

**ठहर-खण्ड**

यसमा मिति २०८१।०८।१२ गते अ.११:०० बजेको समयमा जिल्ला पर्सा वीरगंज महानगरपालिका वडा नं.२४ स्थित रहेको गुगल एकेडमी बिद्यालयमा कार्यरत नेपाली शिक्षिका काजल कुमारी साहलाई प्रतिवादी सरोज प्रसाद साहले बिधार्थीहरूको अगाडी स्कुलको फिल्डमा जथाभावी गाली गलौज गर्दै कपाल समाती लछार पछार तथा कुटपिट गरेकोले म जाहेरवाला स्कुलको संचालक अध्यक्ष भएको हैसियतले निज प्रतिवादीलाई सम्झाई बुझाई गर्दा निजले उल्टै आवेशमा आई मलाई गाली गलौज गर्दै हातपात समेतको प्रयास गरी अभद्र ब्यवहार गरेको हुँदा निजलाई कानून बमोजिम कारवाही गरी पाउँ भन्ने जाहेरी दरखास्त तथा घटनास्थल मुचुल्का, सोही व्यहोरालाई पुर्ण समर्थन हुने गरी मौकामा बुझिएका घटनाविवरणको साक्षीहरुले गरी दिएको कागज तथा अधिकार प्राप्त अधिकारी समक्ष यी प्रतिवादीले गरेको बयान तथा प्रतिवादी यस कार्यालयमा उपस्थित भई गरेको आंशिक साविती बयान समेतको आधारमा यी प्रतिवादीले मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिम कसूर गरेको ठहर्छ। यसरी प्रतिवादी सरोज प्रसाद साहले बिधार्थीहरूको अगाडी स्कुलको फिल्डमा शिक्षिका काजल कुमारी साहलाई गाली गलौज गर्दै कपाल समाती लछार पछार तथा कुटपिट गरेको देखि जाहेरवालाले प्रतिवादीलाई सम्झाई बुझाई गर्दा जाहेरवालालाई समेत अभद्र व्यवहार गरेको तथ्य स्थापित हुन गएको देखिएको अवस्था समेतलाई बिश्लेषण गरी मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(२) बमोजिम प्रतिवादी सरोज प्रसाद साहलाई कैद दिन ८, जरिवाना रु.७०००/- अक्षरेपी सात हजार र क्षतिपूर्ती शुल्क रु.३००/- मात्र ठहर्छ। अरुमा तपसिल बमोजिम गर्नु भनी यो फैसला गरिदिए।

**तपसिल खण्ड**

१.माथि इन्साफ खण्डमा लेखिए बमोजिम मुलुकी अपराध संहिता,२०७४ को दफा ११८(१) बमोजिमको अपराधमा ऐ.संहिताको दफा ११८(२) बमोजीम प्रतिवादी सरोज प्रसाद साहलाई ठहरेको कैद दिन ८ को हकमा निज मिति २०८१/०८/१२ देखि २०८१/०८/१९ सम्म हिरासतमा बसी कैद भुक्तान गरिसकेको र जरिवाना तथा क्षतिपूर्ती शुल्कको हकमा र.नं.१४६/२०८१/०८/२४ दाखिला गरेको धरौटी रकम रु.७३००/- बाट जरिवाना रकम रु.७०००/- र क्षतिपूर्ती शुल्क रु.३००/- कट्टी गर्नु--------------------------------------------------------------------------------------------------------१

२. प्रस्तुत फैसलामा चित नबुझे ७० दिन भित्र पर्सा जिल्ला अदालत वीरगंजमा पुरावेदन गर्नुभनी प्रतिवादीलाई पुनरावेदनको म्यादिनु-१

३. फैसलाको जानकारी जिल्ला सरकारी वकिल कार्यालय पर्सालाई दिनु--------------------------------------------------------------१

४. प्रस्तुत मुद्दाको दायरी लगत कट्टा गर्नु र सरोकारवालाले फैसलाको नक्कल माँग गरेमा रितपुर्वक नक्कल दिनु----------------------१

**गणेश अर्याल**

**प्रमुख जिल्ला अधिकारी**

ईति सम्बत् २०८१ पौष महिना ४ गते विहीवार रोज ५/ ने.सं. ११४५ थिंलागा चतुर्थी, शुभम् ........